# बिर्तामोड राजपत्र

बिर्तामोड नगरपालिका, बिर्तामोड, झापाद्वारा प्रकाशित

खण्ड : २ असार २१ गते २०७८ साल सङ्ख्या ३

## भाग १

## सम्वत् २०७८ सालको ऐन नं ३

## बिर्तामोड नगरपालिका विनियोजन ऐन २०७८

प्रस्तावना :

विर्तामोड नगरपालिकाको आर्थिक वर्ष २०७८/२०७९ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बिर्तामोड नगरपालिका नगर सभाले यो ऐन बनाएको छ।

Scanned with CamScanner

## १.संक्षिप्त नाम र प्रारम्भ

(१) यसको नाम "विर्तामोड नगरपालिका विनियोजन ऐन २०७८" रहेको छ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भएपछि २०७८ साल श्रावण १ गते देखी प्रारम्भ हुनेछ।

## २.परिभाषा

(क) "नगर सभा" भन्नाले बिर्तामोड नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले बिर्तामोड नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "वडा कार्यालय" भन्नाले बिर्तामोड नगरपालिकाको वडा कार्यालयलाई सम्झनु पर्दछ।

(घ) "विषयगत शाखा" भन्नाले बिर्तामोड नगरपालिका अन्तरगतको शाखा, उपशाखा, सेवा केन्द्र तथा अन्य प्रशासनिक ईकाई समेतलाई सम्झनु पर्दछ।

(ङ) "सञ्चित कोष" भन्नाले बिर्तामोड नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ।

## 3.सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार

आर्थिक वर्ष २०७८/२०७९ को बिर्तामोड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखा, उपशाखा तथा सेवा केन्द्रले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,३०,७७,७९,५००।०० (अक्षरेपी १ अरब ३० करोड ७७ लाख ७९ हजार ५ सय ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।



Scanned with CamScanner

## ४.विनियोजन

४ (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/२०७९ को विर्तामोड नगर कार्यपालिका, वडा कार्यालय र विषगत शाखा, उपशाखा वा सेवा केन्द्रले गर्ने सेवा र कार्यहरुको लागि स्वीकृत खर्च शीर्षकमा रकम विनियोजंन गरी खर्च गरिनेछ।

## ५.रकमान्तर

५ (१) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिकाले आवश्यक भएमा एक खर्च शीर्षकको रकम अर्को खर्च शीर्षकमा रकमान्तर गर्न सक्नेछ। यसरी रकमान्तर गर्दा एक खर्च शीर्षकबाट सो खर्च शीर्षकमा विनियोजन भएको कूल रकमको २५ प्रतिशत भन्दा वढी हुने छैन।

५ (२) उपदफा (२ ) अनुसार २५ प्रतिशत भन्दा वढी रकम रकमान्तर गर्नु पर्ने अवस्था भएमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

५ (३) चालु खर्चवाट पूँजीगत खर्चमा वा पूँजीगत खर्चवाट चालु खर्चमा कुनै पनि रकममा रकमान्तर गर्नहुने छैन।

५ (४) वित्तिय व्यवस्थाको रकम रकमान्तर गर्न पाइने छैन ।

## ६.स्रोतान्तर

कुनै खर्च शीर्षकको लागि स्वीकृत भएको स्रोत अनुसारको रकम स्रोतान्तर गर्नुपर्ने भएमा विनियोजित रकमको २५ प्रतिशतसम्म कार्यपालिकाले स्रोतान्तर गर्न सक्ने र सो भन्दा वढी रकम स्रोतान्तर गर्नु परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।



Scanned with CamScanner

अनुसूची-१
( दफा३ सँग सम्बन्धित )

## संचित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान | शिर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | संघीय, प्रदेश | राजस्व बाँडफाड | ७२०२५०००।०० | ५०६३२५००।०० | | १२२६५७५००।०० |
| २ | संघीय, प्रदेश | वित्तीय समानीकरण | ०।०० | २३८२७२०००।०० | | २३८२७२०००।०० |
| ३ | संघीय, प्रदेश | सशर्त अनुदान | २९३४०००००।०० | १३५०५००००।०० | | ४२८४५००००।०० |
| ४ | संघीय सरकार | विशेष अनुदान | ०।०० | १९९०००००।०० | | १९९०००००।०० |
| ५ | संघीय, प्रदेश | समपूरक अनुदान | ०।०० | ३८५०००००।०० | | ३८५०००००।०० |
| ६ | संघीय सरकार | सामाजिक सुरक्षा | २००००००००।०० | ०।०० | | २००००००००।०० |
| ७ | आन्तरिक स्रोत | आन्तरिक श्रोत | ७८०८९०००।०० | १७१९११०००।०० | | २५००००००।०० |
| ८ | आन्तरिक स्रोत | लगत सहभागिता | ०।०० | १००००००।०० | | १००००००।०० |
| जम्मा | | | ६४३५१४०००।०० | ६६४२६५५००।०० | ०।०० | १३०७७७९५००।०० |

आज्ञाले
गणेश प्रसाद दाहाल
प्रमुख प्रशाशकिय अधिकृत

Scanned with CamScanner